# गाउँपालिका अध्यक्ष श्री अज बहादुर शाही ज्यूले गाउँसभाको १४ औं अधिवेशनमा प्रस्तुत गर्नु भएको

# खत्याड गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम

खत्याड गाउँपालिका, मुगु

खत्याड गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

रामतडी, मुगु

कर्णाली प्रदेश, नेपाल

२०८० साल असार ९ गते

गरिमामय गाउँसभाको १४ अधिवेशनका प्रमुख अतिथी, विशेष अतिथी, अतिथी एवम् गाउँ सभाका सदस्य ज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न राय तथा सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको स्वाधीनता र आमूल परिवर्तनका लागि भएको जनआन्दोलन, जनयुद्ध र राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। लोकतन्त्र प्राप्तिका लागि विभिन्न चरणको आन्दोलनको क्रममा बेपत्ता भएका योद्धाहरु र पीडितहरुप्रति विशेष स्मरण गर्दै घाइते तथा अपाङ्गता भएका योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध खत्याड गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र, र समुदायको साझेदारी विकास गरिनेछ ।

यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रममा निर्दिष्ट गरेका लक्ष्य र उदेश्यहरुबाट प्राप्त मार्गदर्शन, दिगो विकास लक्ष्य, क्षेत्रगत तथा राष्ट्रिय नीतिहरु एवम् योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझाव तथा चालू आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु समेतका आधारमा आगामी आ.व. २०८०/०८१ को लागि यो वार्षिक नीति तथा कार्यक्रम तयार पारेको छु ।यो वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनबाट स्थानीय उदेश्य, राष्ट्रिय लक्ष्य र संविधानको मर्मलाई पूरा गर्ने विश्वास लिएको छु ।

गाउँपालिकालाई सुशासनमैत्री गाउँपालिकाको रुपमा स्थापित गर्ने, विश्वको सुन्दर राराताल प्रवेशको पर्यटकिय गन्तव्यको रुपमा स्थापना गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिका पहिचान कायम राख्ने र योजनावद्ध विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएको छ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेकोछ ।त्यस्तै चालू आर्थिक वर्षको असोज महिनाको १९ गते देखि २४ गते सम्म परेको अविरल वर्षाका कारणले यस गाउँपालिकाको अन्नबाली, खेतीयोग्य जमिन, बसोबास गर्ने घर, सडक यातायात, गोरेटो बाटो, खानेपानी, सिंचाई कुला समेत क्षति पुगि पुनः निर्माण, पुनर्स्थापनाका लागि विशेष सभा मार्फत सम्बोधन गर्ने प्रयास गरिएको थियो ।उक्त अविरल

वर्षका कारण हाम्रो खत्याड गाउँपालिका आर्थिक विकासका दृष्टिले एक दशक पछि परेको महसुस गरको छु ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासिल गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरूः

सभाका सदस्यहरु,

अब म आर्थिक वर्ष २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

### १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क. शिक्षा**

१. गाउँपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम ***"हाम्रो खत्याड"*** निर्माण गरि चालू शैक्षिक सत्रबाट कार्यान्वयनमा आइसकेकाले आगामी आ.व.मा स्थानीय पाठ्यपुस्तक निर्माण गरी लागू गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

२. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

३. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

४. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

५. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक दरवन्दी मिलान गरी विद्यालयहरुलाई थप व्यवस्थित वनाउन पहल गरिनेछ ।

६. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

७. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

८. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा भुक्तानी हुने प्रणाली लागु गरिने छ।

९. आ. व. २०८०/८१ भित्र साक्षर गाउँपालिका घोषणा गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

खत्याड गाउँपालिका, मुगु

१०. शून्य दरवन्दी भएका सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या र विषयगत दरवन्दीको व्यवस्थापनका लागि गाउँपालिका अनुदान शिक्षकको व्यवस्थापन गरिनेछ ।
११. विद्यालय कर्मचारी र बालविकास केन्द्रमा कार्यरत सहजकर्ताका लागि गाउँपालिकाबाट थप गरिएको पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।
१२. गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि गाउँपालिका भित्र रहेका सबै विद्यालयमा प्रत्येक ३/३ महिनामा कक्षागतरुपमा शिक्षक, अभिभावक र विद्यार्थी बिचमा कक्षागतरुपमा अन्तरक्रिया गर्ने नीति लिईनेछ ।
१३. सामुदायिक माध्यमिक विद्यालयमा योग्यता पुगेका प्रधानाध्यापकको व्यवस्था मिलाईनेछ ।
१४. सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट विषयगत शिक्षक र उत्कृष्ट विद्यालयलाई उचित सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
१५. शिक्षक सेवा आयोगबाट सिफारिस भई यस गाउँपालिकामा स्थायी नियुक्ती तथा पदस्थापना भएका नवप्रवेशी शिक्षकका लागि सेवा प्रवेश तालिम, पुनर्ताजगि तालिम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
१६. शैक्षिक सुपरीवेक्षण, शिक्षक तालिम आदी कार्यलाई सहजिकरण गर्नका लागि यस गाउँपालिकालाई दुई शैक्षिक कलस्टरमा विभाजन गरी ***शैक्षिक स्रोत केन्द्र*** स्थापना गरिनेछ।
१७. यस गाउँपालिकामा एक बहुप्राविधिक शिक्षालय स्थापनाका लागि पहल गरिनेछ ।
१८. खत्याड गाउँपालिका स्तरीय विविध अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।
१९. प्राविधिक शिक्षा तर्फको उच्च शिक्षा अध्ययन गर्न गरीव तथा दलित परिवारका जेहेन्दार विद्यार्थी र अप्राविधिक उच्च शिक्षा अध्ययन गर्नका लागि दलित महिला विद्यार्थीका लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
२०. खत्याड गाउँपालिकाको उच्च शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्रको रुपमा स्थापना भएको चतुर्देव हिरा सुरेन्द्र पूर्ण क्याम्पसको स्तरोन्नति गरी गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित, देउडा गित, ठाडी भाका र स्थानीय गित तथा नृत्य प्रतियोगिता लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।
२. खत्याड गाउँपालिकाको परम्परा, ऐतिहासिक महत्वका वस्तुको संरक्षण तथा सम्वर्द्धनका लागि ***खत्याड सङ्ग्रालय*** स्थापनाका लागि साझेदार संघ संस्थाको सहलगानी व्यवस्था गर्न पहल गरिनेछ ।

**ग. युवा तथा खेलकुद सम्बन्धी  नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण गर्न नेपाल सरकार तथा प्रदेश सरकार संग समन्वय गरिनेछ।

२. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

३. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

४. विपन्न, दलित, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, सिलाई कटाई तालिम, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, सिकर्मी, डकर्मी, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

५. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापना गृह र असाहय बृद्धहरुको संरक्षणका लागि बृद्धाश्रम स्थापना गर्न पहल गरिनेछ।

५. उपाध्यक्ष संग महिला सशक्तिकरण, आय आर्जन र आत्मनिर्भर रोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. स्थानीय स्तरमा स्वरोजगार रहेका सिकर्मी, डकर्मी पेसा व्यसायमा आश्रित सुजिकार, आरनेदाईको आरन लगायतका पेसा व्यवसायको स्तरोन्नति गर्न पेसागत गुणस्तर सुधार तालिम संचालन गर्ने र आधारभूत न्यूनतम औजार सहयोग गर्ने नीति लिईनेछ ।

७. “हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान” अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

८. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

९. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१०. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
११. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
१२. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१३. खत्याड गाउँपालिकाको केन्द्र रामतडीलाई निःशुल्क जग्गादान गर्ने जग्गादाताहरुको नामावली खत्याड गाउँपालिका कार्यालयको शिलापत्रमा राख्ने व्यवस्था मिलाईनेछ ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. एकिकृत विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।
२. स्वास्थ्य क्षेत्रमा सुधार गर्न सेवाको माग गर्ने सङ्ख्याको वृद्धि, सेवाको माग अनुसारको पूर्ति, गुणस्तरीय सेवा प्रदानका गर्न आवश्यक नीति लिईनेछ ।
३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
४. नागरिकका लागि स्वास्थ्य संस्थामा निःशुल्क वितरण हुने औषधीको पर्याप्तताका लागि विशेष व्यवस्था गरिनेछ ।
५. बर्थिङ्ग सेन्टरको सेवालाई थप प्रभावकारी बनाउदै बर्थिङ्ग सेन्टर स्थापनाको क्षेत्र विस्तार गरिनेछ।
६. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।
७. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
८. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।
९. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
१०. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
११. एकल महिला, दलित जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।
१२. प्राथमिक स्वास्थ्य केन्द्र, रातापानीमा बिशिष्ट ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।
१३. यसै गाउँपालिकाको इजरकाटियामा निर्माणाधिन १० शैयाको आधारभूत स्वास्थ्य अस्पताल आगामी आ.व. २०८०/८१ मा निर्माण सम्पन्न गर्न विशेष पहल गरिनेछ ।

**३. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

*३.१* स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र

खत्याड गाउँपालिका, मुगु

सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

**३. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

३. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

४. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

५. गाउँपालिका र वाहिर अन्य गाउँपालिका/नगरपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।

६. गाउँपालिका प्रवेशद्वार निर्माण गरि प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहितको नोटिस वोर्ड राखिनेछ।

७. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

८. यस गाउँपालिका र गाउँपालिका हुदै पर्यटकिय स्थल भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको आवागमनलाई सरल, सहज र सुरक्षित आवासकाका लागि होमस्टे स्थापना गर्ने नीति लिईनेछ ।

**४. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल ,तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइने व्यवस्थाका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
४. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
५. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ। बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।
६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, शित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माणमा नेपाल सरकार तथा प्रदेश सरकार संग समन्वय गरिनेछ।
७. किसानहरुले उत्पादन गरेका उत्पादनलाई बजारीकरण एवम् निर्यातका लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
८. भेडापालन, बाख्रापालन, भैसीपालन, कुखुरा तथा कालिज पालन, मौरीपालन, माछापालन, फलफूल, खाद्यन्न, तरकारी तथा नगदे बालिको छुट्टा छुट्टै पकेट कार्यक्रम संचालन गरिनेछ।
९. व्यवसायिक रुपमा कृषि पेसामा संलग्न कृषक, कृषि समूह, कृषि सहकारी र कृषि फर्महरुलाई व्यवस्थित तथा पालिका भित्रका सवै कृषकहरुलाई किसान सूचिकरण गरिनेछ।
१०. किसानहरुलाई सामुहिक खेती पर्वद्धनका लागि ***"एक बगैचा अनेक स्वामित्व"*** कार्यक्रम संचालन गरिनेछ ।
११. खत्याड गाउँपालिकामा प्रदेश सरकारको समन्वयमा वित्तिय संस्थाको स्थापना गरि सस्तो ब्याजदरमा कृषि ऋण प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
१२. ब्यवसायिक रुपमा भेडा, बाख्रा, गाई, भैसी, मौरी पालक किसानका लागि न्यूनतम आवश्यक उपकरण तथा सामाग्री दिने व्यवस्था मिलाईनेछ ।
१३. नमूना योग्य फलफुल तथा तरकारी खेती गर्ने किसानलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
१४. ***"एक वडा एक नमूना उत्पादन"*** का लागि विशेष कृषि कार्यक्रम संचालन गरिनेछ ।

## ५. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
२. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजना बनाईनेछ।

खत्याड गाउँपालिका, मुगु

३. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

## ६. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाबाट संचालित ***रेडियो खेष्मामालिका*** को नियमित र व्यस्थित तवरले संचालनका लागि दक्ष जनशक्ति र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।

२. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

## ७. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. जनयुद्ध तथा सवै प्रकारका जनआन्दोलनमा सहिद र घाईते भएका तथा वेपत्ता पारिएका परिवारलाई सहायता सम्बन्धी व्यवस्थालाई निरन्तरता दिइनेछ ।

## ८. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१.गाउँपालिका भित्र रहेका स्रोत साधन ,सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय ,सामाजिक आर्थिक अवस्था ,रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विध्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

५. गाउँपालिका भित्र हुने सबै किसिमका कामहरुमा सुशासन कायम गर्न आयोजना स्तरमा सार्वजनिक सुनुवाईलाई प्रभावकारी ढंगले संचालन गरिनेछ । प्रत्येक वडास्तरमा बार्षिकरुपमा सार्वजनिक सुनुवाई गर्ने नीति अबलम्बन गरिनेछ ।

६. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

७. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

८. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

९. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

१०. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन ***"हाम्रो खत्याड"*** नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने नीति लिईनेछ ।

११. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

१२. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१४. गैर सरकारी क्षेत्रबाट प्रयोगमा ल्याईएका सकरात्मक सिकाईलाई अबलम्बन गरिनेछ ।

१५. खत्याडवासीको सहज पहुँचका लागि इलाका प्रशासन कार्यालय स्थापना गर्न पहल गरिनेछ।

१६. वडामा हुने हरेक क्रियाकलापलाई पारदर्शी एवम सुशासन कायम राख्न हरेक वडाका टोलमा टोल सुधार समिति गठन गर्ने नीति लिईनेछ ।

## ९. वन, वातावारण,जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. विभिन्न खोला तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

२. सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

३. सामाजिक संघ संस्थाहरुसँग ***फोहोर संकलन तथा व्यवस्थापन*** कार्यमा सहकार्यको नीति लिइनेछ।

४. गाउँपालिकाको मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

५. गाउँपालिकामा फोहर विसर्जनका लागि उपयुक्त स्थानको खोजि गरि फोहर विसर्जन केन्द्र स्थापना गरिनेछ ।

६. विद्यालयमा खानेपानी र सरसफाई क्षेत्र सुधार गर्न विद्यालय खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०७४ अनुसार स्टार पद्धति कार्यान्वयनमा ल्याईनेछ ।
७. खानेपानीमा राष्ट्रिय नीति अनुसार ***"एक घर एक धारा"*** निर्माणको नीति कार्यान्वयनमा ल्याईनेछ ।
८. गाउँपालिका भित्र रहेका सवै सामुदायिक विद्यालयमा शुद्ध खानेपानीको पहुँच पुर्याउन निर्माण हुने खानेपानी आयोजनामा बायो स्टयाण्ड प्रविधि अपनाई शुद्ध खानेपानी खुवाईने व्यवस्था मिलाईनेछ ।

**ख. वातावरण ,जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवद्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
३. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन, जडीबुटी तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।
४. भू-सूचना प्रणालीको प्रयोग, उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ***आपतकालिन कार्य संचालन केन्द्र*** मार्फत ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
८. खत्याड खोलाबाट हुने जमिन कटानलाई रोक्न बहुउद्देशिय (Multi Purpose) बाँध निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरिनेछ ।

**१०. भौतिक पूर्वाधार विकास (शहरी योजना ,वस्ति विकास ,आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

५. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

६. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट संचालित ५०० कि.वा. क्षमताको निर्माणाधिन बिराबगर सेरा साना जलविद्युत  आयोजनालाई समयमै सम्पन्न गरी आगामी आ.व.बाट प्रयोगमा ल्याउन पहल गरिनेछ ।

७. गाउँपालिकाको सीमा क्षेत्र एकिन गरी गाउँपालिका सिमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

८. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

९. चालू आ.व. को असोज महिनाको १९ गते देखि २४ गते सम्म परेको अविरल वर्षाका कारण क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण, मर्मत, पुर्नस्थापना र बाढी तथा पहिरोबाट क्षति भएको खेती  योग्य जग्गाको एकिन गर्ने कार्य गरिनेछ ।

१०. खत्याड गाउँपालिका अन्तर्गतका सडक संजालमा नजोडिएका वडा तथा वस्तीमा आगामी आ.व. २०८०/०८१ मा सडक पहुँच पुर्याउन आवश्यक पहल गरिनेछ ।

## ११. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

४. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

५. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

अन्तमा,

खत्याड गाउँपालिकाको विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक, श्रमिक, निजी सहकारी र सामुदायिक क्षेत्र, सरकारी तथा गैर सरकारी संघ संस्था, संचार जगत लगाएत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

खत्याड गाउँपालिका, मुगु